**आकाशवाणी**

**समाचार**

**September 22nd, 2024** **Sunday 1925hrs**

**प्रमुख समाचार:**

1. प्रधानमन्त्री श्री नरेन्द्र मोदीद्वारा क्वाड लीडर्स शिखर सम्मेलनलाई सम्बोधन
2. अमेरिकाले भारतबाट चोरिएका करिब तीन सय कलाकृति फिर्ता गर्ने
3. चार दिने विश्व खाद्य भारत २०२४ आज समापन
4. अनि चेन्नईमा भएको पहिलो क्रिकेट टेस्ट म्याचमा भारतद्वारा बंगलादेश २८० रनले पराजित

1. PM US Visit

भारतले संयुक्त राज्य अमेरिकाको डेलावेयरमा क्वाड लीडर्स शिखर सम्मेलनमा विश्वव्यापी वृद्धि, शान्ति र सुरक्षाको लागि आफ्नो दृष्टिकोण व्यक्त गरेको छ। शिखर सम्मेलनलाई सम्बोधन गर्दै प्रधानमन्त्री श्री नरेन्द्र मोदीले स्वतन्त्र, खुला, समावेशी र समृद्ध हिन्द-प्रशान्तका लागि क्वाडको प्रतिबद्धतामाथि प्रकाश पार्नुभयो। उहाँले स्वास्थ्य, प्रविधि र जलवायु परिवर्तनका क्षेत्रमा भएका पहलहरूलाई समूहले समर्थन गर्ने कुरामा जोड दिनुभयो। शिखर सम्मेलन अघि, प्रधानमन्त्रीले राष्ट्रपति श्री जो बाइडेनसँग द्विपक्षीय वार्ता गर्नुभएको थियो। उहाँले जापानका प्रधानमन्त्री श्री फुमियो किशिदासँग पनि भेटेर भारत-जापान सम्बन्धको समीक्षा गर्नुका साथै सहयोग विस्तार गर्ने विषयमा छलफल गर्नुभएको थियो। त्यसैगरी श्री मोदीले भारत-अष्ट्रेलिया व्यापक रणनीतिक साझेदारीलाई मजबूत बनाउने आफ्नो प्रतिबद्धतालाई पुन: पुष्टि गर्न अस्ट्रेलियाका प्रधानमन्त्री श्री एन्थोनी अल्बानीजसँग भेट गर्नुभयो। महत्वपूर्ण सांस्कृतिक आदानप्रदानमा अमेरिकाले दुई राष्ट्रबीचको बलियो सांस्कृतिक र कूटनीतिक सम्बन्धलाई जोड दिँदै भारतबाट चोरी गरिएका २९७ पुरातात्विक कलाकृतिहरू फिर्ता गर्ने बताइएको छ। प्रधानमन्त्री श्री मोदीले आज राति अमेरिकी कम्पनीका प्रमुख कार्यकारी अधिकारीहरूसँग भेट गर्ने कार्यक्रम छ। उहाँले भारतीय समय अनुसार मध्यरातमा न्यूयोर्कमा भारतीय समुदायलाई पनि सम्बोधन गर्नु हुनेछ। भोलि, उहाँले संयुक्त राष्ट्र महासभामा "भविष्यको शिखर सम्मेलन" विषयमा आफ्नो सम्बोधन राख्नु हुनेछ।

2. NCC Conference

रक्षा राज्यमन्त्री श्री सञ्जय सेठले भोलि नयाँ दिल्लीमा संयुक्त राज्यका प्रतिनिधिहरू र नेशनल क्याडेट कोर उपमहानिर्देशकहरूको सम्मेलनको अध्यक्षता गर्नु हुनेछ। सम्मेलनमा एनसीसीको विस्तारबारे छलफल हुनेछ। हालै एनसीसी क्याडेटको संख्या १७ लाखबाट बढाएर २० लाख पुर्‍याउने निर्णय भएको छ। रक्षा मन्त्रालयले यो सम्मेलन देशभरका क्याडेटहरूको उज्ज्वल भविष्य सुनिश्चित गर्न केन्द्र र राज्य सरकारहरू बीचको समन्वयको लागि महत्त्वपूर्ण कदम भएको बताएको छ।

3. Consumers Affairs Refund

सरकारले देशभरका विभिन्न कोचिङ संस्थानहरूमा संघ लोक सेवा आयोगको लोक सेवा, भारतीय प्रौद्योगिकी संस्थान र अन्य प्रवेश परीक्षाका लागि भर्ना भएका विद्यार्थीलाई एक करोड रुपैयाँभन्दा बढी रकम फिर्ता गर्ने सुविधा दिएको छ। उपभोक्ता मामिला विभागले आज राष्ट्रिय उपभोक्ता हेल्पलाइन-१९१५ मा ६५६ भन्दा बढी विद्यार्थीले गुनासो दर्ता गरेको र कोचिङ सेन्टर तथा निजी संस्थाबाट पैसा फिर्ता गर्न माग गरेको जनाएको छ। उपभोक्ता मामिला विभागका सचिव निधि खरेले आफ्ना सपना पूरा गर्न बहुमूल्य समय र स्रोत लगानी गरेका उपभोक्ता विशेषगरी विद्यार्थीको अधिकारको रक्षा गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो।

4. Goel – Invest Office

केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्री श्री पियुष गोयलले आज सिंगापुरमा इन्भेस्टा इन्डियाको नयाँ कार्यालयको उद्घाटन गर्नुभएको छ। यस कार्यालयले भारतमा लगानी गर्न चाहने कम्पनीहरूको लागि केन्द्रको रूपमा काम गर्नेछ र विभिन्न क्षेत्रमा सहयोग प्रवर्द्धन गर्नेछ। प्रधानमन्त्री श्री नरेन्द्र मोदीले यसै वर्षको सेप्टेम्बरमा सिंगापुरको भ्रमणका क्रममा यो कार्यालय स्थापना गर्ने घोषणा गर्नुभएको थियो ।

5. Assam Police

आसाम पुलिस र राष्ट्रिय अनुसन्धान एजेन्सी-एनआईएले यस वर्ष अगस्ट 15 मा राज्यका विभिन्न ठाउँहरूमा विस्फोटक पदार्थ राखेको आरोपमा 15 जनालाई पक्राउ गरेको छ। गुवाहाटीमा आज असम पुलिसले जारी गरेको एक विज्ञप्तिमा NIA को सहयोगमा हिजो राति तीन महिला सहित 15 जनालाई राज्यका विभिन्न ठाउँबाट पक्राउ गरिएको जनाएको छ। पक्राउ पर्नेमा ६ जना डिब्रुगढ र लखिमपुर जिल्लाका रहेको हाम्रो संवाददाताले जानकारी दिएका छन् । गुवाहाटीबाट चार र जोरहाटबाट चार जना पक्राउ परेका छन् ।

6. J & K BSF

जम्मू कश्मीरको सीमा सुरक्षा बलले आज अन्तर्राष्ट्रिय सीमामा आतंकवादीको घुसपैठलाई विफल पारेको छ। सुरक्षा बलले ठूलो परिमाणमा हतियार र गोलाबारुद बरामद गरेको छ । आरएस पुरा सेक्टरमा आतंककारीहरूले घुसपैठ गर्ने प्रयास गरेका थिए।

7. World Food India Concludes

चार दिने विश्व खाद्य भारत २०२४ आज समापन भएको छ। यो सेप्टेम्बर १९ मा नयाँ दिल्लीको भरत मण्डपममा सुरु भएको थियो। यस कार्यक्रममा देशका विभिन्न राज्य र केन्द्र शासित प्रदेशहरू बाहेक करिब ९० देशले भाग लिएका थिए। 18 केन्द्रीय मन्त्रालय र साझेदार सरकारी निकायहरू पनि सहभागी थिए। कार्यक्रमले खाद्य प्रशोधनमा विश्वव्यापी महाशक्तिको रूपमा भारतको उदयलाई प्रकाश पारेको छ। कार्यक्रम खाद्य प्रशोधन क्षेत्रमा नवीनता, प्रविधि र दिगोपनको संगम थियो।

8. Sign Language Day

भारतीय सांकेतिक भाषा अनुसन्धान र प्रशिक्षण केन्द्र, सामाजिक न्याय र अधिकारिता मन्त्रालय अन्तर्गत, अन्तर्राष्ट्रिय सांकेतिक भाषा दिवस मनाउन भोलि नयाँ दिल्लीमा एक कार्यक्रम आयोजना गरिने छ। कार्यक्रमको अध्यक्षता सामाजिक न्याय तथा अधिकारिता मन्त्री डा वीरेन्द्र कुमारले गर्नु हुनेछ । कार्यक्रमको मुख्य उद्देश्य साङ्केतिक भाषाहरूका माध्यमबाट उत्पन्न हुने एकता र भाषिक तथा सांस्कृतिक विविधतालाई अत्यावश्यक अंगका रूपमा संरक्षण गर्नुपर्ने आवश्यकतालाई उजागर गर्नु रहेको छ ।

9. Jharkhand Chief Justice

केन्द्र सरकारले न्यायमूर्ति एम एस रामचन्द्र रावलाई झारखण्ड उच्च न्यायालयको मुख्य न्यायाधीश नियुक्त गरेको छ। न्यायमूर्ति राव हाल हिमाचल प्रदेशका मुख्य न्यायाधीश हुनुहुन्छ।

10. World Rhino Day

आज विश्व गैंडा दिवस हो । गैंडा संरक्षणमा जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले यो दिवस मनाइन्छ । प्रधानमन्त्री श्री नरेन्द्र मोदीले गैंडाको संरक्षणमा भारतको प्रतिबद्धता व्यक्त गर्नुभएको छ । एक सामाजिक सञ्जाल पोस्टमा, श्री मोदीले विगत धेरै वर्षहरूमा गैंडा संरक्षण प्रयासमा संलग्न कार्यकर्ताहरूको प्रशंसा गर्नुभयो । उहाँले भारतमा ठूलो संख्यामा एकसिङ्गे गैंडा पाइनु गौरवको कुरा भएको बताउनुभयो । उहाँले आसामको काजिरंगा भ्रमणको स्मरण गर्दै सबैलाई त्यहाँ जान आग्रह पनि गर्नुभयो ।

11. Bihar - Flood

बिहारमा, सुल्तानगञ्ज र रतनपुर स्टेशनहरू बीचको ट्र्याकमा पानी जमेको कारण जमालपुर-भागलपुर रेलवे खण्डमा रेल सेवाहरू स्थगित गरिएको छ। सुल्तानगञ्ज र रतनपुर रेलवे स्टेशनबीचको रेलवे पुलको गर्डरमा गंगा नदीको पानीको सतह पुगेको छ । राज्यका मुख्यमन्त्री श्री नितिश कुमारले हिजो पटना र वैशालीको बाढी प्रभावित क्षेत्रको भ्रमण गर्नुभएको थियो।

12. Chess Olympiad

हंगेरीको बुडापेस्टमा हुने चेस ओलम्पियाडमा आज भारतका पुरुष र महिला टोलीले स्वर्ण पदकका लागि आ–आफ्ना खेल खेल्नेछन् । पुरुषतर्फ भारतले स्लोभेनिया र महिला टोलीले अजरबैजानको सामना गर्नेछ।

13. Cricket Test Match

यसैबीच चेन्नईमा भएको पहिलो टेस्ट क्रिकेटमा भारतले बंगलादेशलाई २८० रनले पराजित गरेको छ । दोस्रो टेष्ट खेल २७ सेप्टेम्बरबाट ग्रीन पार्क, कानपुरमा खेलिने छ ।